नेपाल सरकार

## गृह मन्त्रालय

## चमेनागृह सञ्चालनको लागि पुनः शिलवन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७२/६/१९)

यस मन्त्रालयमा आ.व. ०७२।७३ को लागि चमेनागृह सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक फर्म/कम्पनी वा चमेनागृह सञ्चालकहरूबाट देहायका शर्तहरुको अधिनमा रही रितपूर्वकको गोप्य शिलवन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिएको छ ।

**दरभाउपत्र सम्वन्धी शर्तहरु**

१. दरभाउपत्र फाराम फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता सहितको स्थायी लेखा नम्वर दर्ता प्रमाण पत्र, आ.व. ०७०।०७१ सम्मको कर चुक्ता प्रमाणपत्र र खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र साथै राखि तपसिल बमोजिमको दरभाउपत्र दस्तुर बुझाई दरभाउपत्र फाराम प्राप्त गर्न सकिने छ ।

२. दरभाउपत्र जमानत (धरौटी) वापतको रकम फारामसाथ स्वीकृतप्राप्त वाणिज्य बैंकबाट २०७३ साल आषाढ मसान्तसम्म म्याद भएको शर्तरहित वैंक जमानी पत्र (विड वण्ड) वा को.ले.नि.का.काठमाडौं, भुक्तानी केन्द्र नं. ४ को सिंहदरवारस्थित एभरेष्ट बैंक लि.मा रहेको धरौटी खाता नं. १३५००१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

३. दर्ता हुन आएका शिलबन्दी फारामहरु यस मन्त्रालयमा दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । निजहरुको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । फाराम खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछन् ।

४. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु फाराममा उल्लेख गरिए वमोजिम हुनेछन् ।

५. सो सम्बन्धी अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ एवं अन्य प्रचलित कानून अनुसार हुनेछ ।

६. अन्य थप केही कुराहरु बुझ्न परेमा यस मन्त्रालयको आन्तरिक व्यवस्था "क" शाखामा कार्यालय समय भित्र सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

| प्याकेज नं. | विवरण | बोलपत्र/ दरभाउपत्र | फाराम दस्तुर रू. ( गृह मन्त्रालयको आ.प्र.शाखा बाट) फिर्ता नहुने | फाराम पाइने स्थान (कार्यालय समयमा) | धरौटी रकम | फाराम उपलब्ध हुने मिति | फाराम दर्ता गर्न सकिने स्थान, मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| ७. | चमेनागृह सञ्चालन | दरभाउपत्र | ३००।-(तीन सय) | गृह मन्त्रालय, आन्तरिक व्यवस्था "क"शाखा | ५००००।- (पचास हजार) | सूचना प्रकाशन भएको मितिले १५औं दिनसम्म कार्यालय समय भित्र | गृह मन्त्रालय,सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२:०० बजेसम्म | सूचना प्रकाशन भएको मितिले १६ औं दिनको दिउँसो २:०० बजे |